# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ६ (संख्या १२) फाल्गुन ४ गते २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

भाग-२

## खुल्ला दिसामुक्त अवस्थाको दिगोपन सम्बन्धी कार्यबिधि २०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८०/१०/०४

**प्रस्तावना,**

नेपालको संविधानको मर्म बमोजिम खानेपानी र सरसफाई सुविधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरिएको अवस्थालाई मध्यनजर गर्दै नेपाल सरकारबाट सरसफाइको क्षेत्रमा उल्लेख्य उपलब्धी हासिल गरी देशले खुल्ला दिसामुक्त अवस्था प्राप्त गरिसकेको र यसको दायरा फराकिलो भइ प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा विस्तारित भइ खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवाहरु राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ । यी सेवाहरु निरन्तर रुपमा प्राप्त भईरहने, भेदभावरहित तथा आर्थिक एवं प्राविधिक रुपले सबैको सहज पहुचयोग्य हुनु अनिवार्य छ । खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवाहरु समानतामा आधारित विभेदरहित, सहभागितामूलक, सूचनामूलक तथा उत्तरदायित्वमूलक भए मात्र मानव अधिकारको मर्म बमोजिम भएको मानिन्छ । यस प्रयासलाई निरन्तरता दिदै पुर्ण सरसफाई तर्फ कार्यक्रमहरु संचालन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ तथा नगरपालिकाको खोनेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० को दफा ९८ ले दिएको अधिकार प्रयोग गरी खुल्ला दिसामुक्त अभियानको दिगोपन तथा पुर्ण सरसफाई बमोजिमका उद्देश्य पुरा गर्नका लागी चामुण्डाबिन्द्रासैनी नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**उद्देश्यः**

(क) यो कार्यबिधिले स्थानीय तहलाई स्वच्छ र सफा बनाउदै देशले खुल्ला दिसा मुक्त अवस्था पाइसकेको स्थितिलाई निरन्तरता दिदै सो को दिगोपनका सूचकहरु तथा अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउने ।

(ख) प्रत्येक मानिसबाट शौचालय प्रयोगको सुनिश्चितता गर्दै मानिसको आनीबानी सुधार गर्ने ।

(ग) नेपाल सरकारको प्रतिबद्धता कार्यान्वयनका लागि पूर्ण सरसफाइको अवस्था प्राप्ति तर्फ प्रयास संचालनका लागि मार्गदर्शन गर्ने ।





**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधि को नाम "खुल्ला दिसामुक्त अवस्थाको दिगोपन सम्बन्धी कार्यबिधि २०७९" रहनेछ ।

(२) यो कार्यविधी नगर कार्यपालिकाबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "सरसफाई" भन्नाले मानव मलमुत्रको सुरक्षित बिसर्जनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सम्झनु पर्दछ र सो शब्दले फोहोरमैला संकलन र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायम गर्ने कार्य तथा जनस्वास्थ्यप्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य समेतलाई जनाउछ ।

(ख) "स्वच्छता" भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहारहरुलाई सम्झनु पर्दछ र सो शब्दले व्यक्ति र समुदायको स्वस्थ आनीबानी समेतलाई जनाउछ ।

(ग) "सफा र स्वच्छ अवस्था" भन्नाले सफा र स्वच्छ चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई सम्झनु पर्दछ ।

(ङ) "सार्वजनिक शौचालय" भन्नाले सार्वजनिक स्थानमा हिंडडुल गर्ने जो कोही व्यक्तिले प्रयोग गर्न सक्ने प्रयोगकर्ता-मैत्री शौचालयलाई सम्झनु पर्दछ ।

(च) "संस्थागत शौचालय" भन्नाले विद्यालय, सरकारी कार्यालय, स्वास्थ्य संस्था जस्ता सार्वजनिक निकायहरुमा निमार्ण गरिएका प्रयोगकर्ता-मैत्री शौचालयलाई सम्झनु पर्दछ ।

(छ) "सामाजिक समावेशीकरण" भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको योजना तर्जुमा र निर्णय प्रक्रिया र सेवा सुविधामा पहुच रहेको अवस्था सम्झनु पर्दछ ।

(ज) "सुरक्षित शौचालय" भन्नाले शौचालयमा हुनुपर्ने आवश्यक सुविधा भइ मलमुत्रको उचित व्यवस्थापन भएको अवस्थालाई सम्झनु पर्दछ ।

(ट) "दिगो सरसफाइ" भन्नाले स्वचालित र नियमित रुपमा संचालित सरसफाइलाई सम्झनु पर्दछ ।

(ठ) "सुरक्षित पानी" भन्नाले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैवीक र रसायनिक पदार्थहरु नरहेको पानीलाई सम्झनु पर्दछ ।

(ड) "सरोकारवाला" भन्नाले सरकारी, गैरसरकारी कार्यालय तथा निकाय, राजनीतिक दल, विद्यालय, सहकारी, निजीक्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र, उपभोक्ता समितिहरु लगायतका सरोकारवालाहरुलाई सम्झनु पर्दछ ।

(ढ) "गैर सरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि जिल्लाको सम्बन्धित निकायमा दर्ता भइ स्थानिय स्तरमा क्रियाशिल विभिन्न सामुदायिक संघ संस्था, क्लव, सामाजिक समूह, सञ्जाल आदि सम्झन पर्दछ ।

**३. स्वच्छ र सफा समुदाय निर्माण :** खानेपानी, सरसफाइ तथा स्वच्छतासाग सम्बन्धित विभिन्न विषयहरु चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाइ, न्यूनतम आवश्यक तथा सुरक्षित पानीमा पहुच तथा प्रयोग, सुरक्षित खानाको प्रयोग, सफा र स्वच्छ घर, विद्यालय, स्वास्थ्य संस्था एवं कार्यालय, ठोस तथा तरल फोहोरको व्यवस्थापन, ढल तथा मानव मलमुत्रीय फोहोर व्यवस्थापन,वातावरणीय सरसफाई आदिका विषयमा आम संचारको प्रयोग, अनुशिक्षण, गोष्ठी, तथा घरदैलो कार्यक्रम मार्फत जनचेतनामूलक क्रियाकलाप संचालन गरिने छ ।

**४. खुल्ला दिसा मुक्त अभियानको दिगोपन :** खुल्ला दिसामुक्त अभियान पूर्ण सरसफाइको पहिलो खुडकिला मात्र हो । पूर्ण सरसफाइ प्राप्तीको लागि यो पहिलो खुडकिलाबाट निरन्तर अगाडि बढदै माथिल्लो खुडकिलामा पुग्नु पर्ने भएको ले व्यक्तिको आनीबानीमै परिवर्तन आउनु पर्दछ । प्रत्येक व्यक्तिको

व्यक्तिगत स्वच्छता, घर, समाज र संपूर्ण वातावरणमै स्वच्छता आउनु नै स्वच्छता अभियानको गन्तव्य मान्न सकिन्छ ।

**५. खुल्ला दिसामुक्त अवस्थाको दिगोपनका सूचकहरु :** खुल्ला दिसामुक्त अवस्थाको दिगोपनका आधारहरु निम्नानुसारका हुनेछन्

(क) नगर क्षेत्रमा बसोबास गर्ने प्रत्येक परिवारमा सुरक्षित शौचालयको पहुंच भएको हुनुपर्नेछ ।

(ख) सत-प्रतिशत मानिसहरुले सुरक्षित शौचालयको प्रयोग गरेको हुनुपर्नेछ ।

(ग) शौचालयमा सेप्टिक ट्यांक भएको र उक्त सेप्टिक ट्याक नचुहिने र सुरक्षित हुनुपर्नेछ ।

(घ) शौचालयमा निरन्तर पानीको उपलब्धता हुनुपर्नेछ ।

(ङ) शौचालयमा हात धुने साबुनको व्यवस्था हुनुपर्नेछ ।

(च) शौचालयबाट निष्काशन हुने मानव मलमुत्र तथा फोहर पानीको उचित व्यवस्थापनको व्यवस्था भएको हुनुपर्नेछ ।

**६. पूर्ण सरसफाइ उन्मुख क्षेत्र पूर्ण सरसफाइ अभियान संचालन गरिने :** खुल्ला दिसा मुक्त अवस्थाको प्राप्ती पश्चात निरन्तर रुपमा निम्नानुसारका पूर्ण सरसफाइ उन्मुख क्रियाकलापहरु संचालन गरि पूर्ण सरसफाई प्राप्त गरिने छ :

(क) सफा र स्वच्छ क्षेत्र चरणमा संचालित योजना, कार्यक्रम, क्रियाकलापहरुको पुनरावलोकन गरिने छ र आवश्यकता अनुसार सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ख) घर, संस्था, शौचालयबाट ढल प्रणाली वा कुनै माध्यम मार्फत निश्चित स्थानमा सुरक्षित तरिकाले मानव मलमुत्रीय फोहोर (Feacal Sludge) निस्कासन तथा संकलन गरिने छ । यसरी संकलित मानव मलमुत्रीय फोहोर तथा फोहोरपानीलाई उपयुक्त प्रविधि मार्फत प्रशोधन गरी त्यहााबाट निस्केको वस्तुहरु (Products) लाई घरायसी सरसफाइ, कृषि वा अन्य क्षेत्रमा पुन:प्रयोगमा जोड दिइनेछ । निजी क्षेत्रसाग सहकार्य गरी यस्तो कार्यलाई अझ प्रभावकारी बनाइनेछ ।

(ग) घर, संस्था, कार्यालयमा प्रयोग तथा पुर्नप्रयोग हुन नसकेको ठोस फोहोरमैलालाई स्रोतबाट सिधै संकलन गरी स्यानिटरी ल्याण्डफिल्डमा सुरक्षित रुपमा स्थानान्तरण, प्रशोधन एवं विसर्जनको व्यवस्था गरिनेछ ।

(घ) स्थानीय निकाय र सरोकारवालाहरुको समन्वयमा वर्षातको पानी संकलन गरी प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

(ङ) बस्ती तथा बजार क्षेत्रमा फोहोरपानी तथा सतही ढलको व्यवस्था गरिनेछ ।

(च) नदीनालाको सरसफाइ, पार्क निर्माण तथा हरियाली प्रबर्दनमा जोड दिइनेछ ।

(छ) सरोकारवालाहरुसागको समन्वयमा अस्पताल एवं औद्योगिक तथा कलकारखानाबाट उत्पादित जोखिमयूक्त फोहोरमैलाको सुरक्षित बिसर्जन गरिने छ ।

(ज) सरोकारवालाहरुको समन्वयमा प्रयोगकर्ता-मैत्री उच्च गुणस्तरका खानेपानी, सरसफाइ र स्वच्छताका सुविधाहरु प्रवर्द्धन र विकास गरी पूर्ण सरसफाइ उन्मुख क्षेत्र निर्माणमा केन्द्रित रहन समुदाय परिचालनका क्रियाकलापहरु संचालन गरिनेछ ।

**७. सफा र स्वच्छ अवस्था क्षेत्र घोषणका सूचकहरू :** सफा र स्वच्छ क्षेत्र एवं पूर्ण सरसफाइ उन्मुख क्षेत्रको स्व-अनुगमन वा प्रमाणीकरणका लागि अनुगमन गर्दा निम्न लिखित सूचकहरुलाई आधार मानी उक्त क्षेत्रको अवस्थाको लेखाजोखा, घोषणा एवं प्रमाणीकरणको अनुमोदन प्रकृया अवलम्बन गरिने छ :-

(१) सफा र स्वच्छ अवस्था क्षेत्र घोषणा चरणका सूचकहरु तल दिइएका ७ वटा मुख्य सूचकहरु





अध्ययन गरी सो हासिल भएको पाईएमा कुनै क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र भनी स्व-घोषणा वा प्रमाणीकरण गर्न सकिने छ ।

(क)योजना तर्जुमा तथा व्यवस्थापन समन्वय समिति सक्रिय रहेको,

(ख) WASH Plan तर्जुमा भएको

(ग) क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको,

(२) चर्पीको समुचित प्रयोग :

(क) प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भई प्रयोग भएको, साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,

(ख) खुला ठाउमा दिसा नभेटिएको,

(ग) संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएको,

(३) व्यक्तिगत सरसफाइ :

(क) प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हात धुने स्थान बनाएको,

(ख) घर, विद्यालय संघसंस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान र साबुन पानी) भएको,

(ग) घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालयहरुमा सावुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको, व्यक्तिगत सरसफाइमा ध्यान पुर्‍याएको (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत)

(४) सुरक्षित पानीमा पहुाच तथा प्रयोग :

(क) आधारभूत स्तरको खानेपानीमा सबैको पहुाच भएको,

(ख) खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको,

(ग) घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको,

(५) सुरक्षित खानाको प्रयोग :

(क) घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेका खाना नखाने/नबेच्नेगरेको खाना पकाउने र खाने भााडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,

(ख) फलफूल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,

(ग) सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको

(६) घरायसी एवं संस्थागत सरसफाइ :

(क) घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको, विद्यालय, संघसस्था र सार्वजनिक शौचालयहरुमा मासिक धर्म/महिनावारीमा प्रयोग गरिएका स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको, घर आगान एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको,

(ख) अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको, उपयुक्त तरिकाले पशुपंक्षीको

गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको, भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुवा रहित चुल्होको प्रयोग भएको,

(७) वातावरणीय सरसफाइ :

(क) गाउा, टोल, एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाइको लागि सरसफाइ समिति गठन भएको,

(ख) घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर (मानव मलमूत्र बाहेक) व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएको (पक्की वाटरशील चर्पी र व्यवस्थित सेप्टीक ट्याकमा जोडिएको, मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको,

(ग) वस्ती तथा बजार क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) को उचित व्यवस्थापन भएको,

(घ) वस्ती तथा बजार क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरी निर्माणका योजना तर्जुमा भएको, व्यवस्थित ढल प्रणाली (मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली) को योजना तर्जुमा भएको,

**८. पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा चरणका सूचकहरु :** पूण सरसफाइ उन्मुख क्षेत्र घोषणाका चरणका सूचकहरु देहाय बमोजिमका प्रकृया अवलम्वन गरिनेछ :–

(क) प्रयोगकर्ता–मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,

(ख) नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहाच भएको,

(ग) ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको बस्ती तथा बजार क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको,

(घ) ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइटको निर्माण गरी संचालनमा रहेको, वस्ती तथा बजार क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्त्पादन, पुनःप्रयोग

(ङ) रिसाइकल गर्ने व्यवस्था भएको, आकासेपानी संकलन र उपयोग गरेको,

(च) नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,

(छ) वस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको,

(ज) आकासेपानी संकलन र उपयोग गरेको,

(झ) नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,

(ञ) बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएका

**९. जोखिमयुक्त वस्ती वा समुदायको पहिचान तथा सकारात्मक हस्तक्षेप :** खुल्ला दिसामुक्त अभियानको दिगोपन तथा पुर्ण सरसफाई बमोजिमका उद्देश्य पुरा गर्न सत प्रतिसत सरसफाइ तथा स्वच्छता हासिल नभएका वा सरसफाइ तथा स्वच्छतालाई आत्मसात गर्न नसकेका जोखिमयुक्त वस्ती वा समुदायको पहिचान गरि बिशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**९. अनुगमन समिति गठन सम्बन्धी व्यवस्था :** (१) खुल्ला दिसामुक्त अभियानको दिगोपनको लागि अभियानलाई नियमित कार्यक्रमको रुपमा संचालन गर्दै यसलाई संस्थागत रुपमा विकास गर्दै लैजान तथा अनुगमनको प्रभावकारिताको लागि देहाय बमोजिम एक अनुगमन समिति गठन गरिनेछ :–

(क) नगर प्रमुख –संयोजक

(ख) नागरिक समाज तर्फबाट एकजना महिला सहित २ जना –सदस्य

(ग) स्थानीय तहमा कार्यरत गैर सरकारी संस्थाको एकजना –सदस्य





(घ) वास विज्ञ एक जना –सदस्य

(ङ) खानेपानी तथा सरसफाई संस्थाको एक जना –सदस्य

(च) नगरपालिकाको वास शाखा प्रमुख वा शाखा हेर्ने कर्मचारी –सदस्य सचिव

**१०. अनुगमन सम्बन्धी व्यवस्था :** (१) खुल्ला दिसामुक्त अभियानको दिगोपनको लागि अभियानलाई नियमित कार्यक्रमको रुपमा सञ्चालन गर्न तथा अनुगमनको प्रभावकारिताको लागि देहायको प्रक्रिया बमोजिम अनुगमन गरिनेछ :–

(क) स्व–अनुगमन : यो अनुगमन वडा स्तरमा भए गरेका कामहरु र कार्यक्रमका उपलब्धिहरुलाई सम्बन्धित वडा कार्यालय आफ्नै नेतृत्वमा सरोकारवालाहरुको सहभागितामा प्रत्येक छ महिनामा स्व–अनुगमन गर्नु पर्नेछ र यसको लागि अनुसूची १ मा उल्लेख गरिए बमोजिमको फाराम प्रयोग गर्न सकिने छ ।

(ख) संयुक्त अनुगमन : यस कार्यविधिको दफा १० बमोजिम गठित समितिको नेतृत्वमा सम्बन्धित वडा कार्यालयले खुल्ला दिसा मुक्त अभियानको दिगोपनको लागि अभियानलाई नियमित कार्यक्रमको रुपमा सञ्चालन गर्न तथा अनुगमनको प्रभावकारिताको लागि वर्षमा एक पटक अनुसूची २ मा उल्लेख गरिए बमोजिम संयुक्त अनुगनमन गर्नु पर्नेछ ।

(२) अनुगमनबाट प्राप्त भएका सुचना तथा बिबरणहरु NWASH–MIS मा अध्यावधी गरिनेछ ।

**११. प्रभाव अध्ययन :** पूर्ण सरसफाइका क्रियाकलापहरु अन्तर्गत देखिएका प्रभावहरुको अध्ययन तथा मुल्याक्तनको लागि सरसफाइका क्षेत्रमा के कस्ता उपलब्धीहरु र सकारात्मक परिणामहरु आएका छन र पूर्ण सरसफाइ लक्षित कार्यक्रमहरु प्रति समुदायमा अपनत्वको भावना विकास भए नभएको, आनीवानीमा परिवर्तन आए नआएको आदी विषय समेतको प्रभाव अध्ययन गर्नु पर्नेछ ।

**१२. प्रतिवेदन, अभिलेखीकरण र व्यवस्थापन :** (१) सरसफाइ प्रबर्धन र प्राप्त उपलब्धिको प्रतिवेदन तयारी र अभिलेखीकरण प्रयोजनका लागि तथ्यांक्त व्यवस्थापन प्रणालीको उपयुक्त संरचना र विधि अपनाइने छ । यसका लागि नगरपालिले राष्ट्रिय खानेपानी तथा सरसफाई सुचना पोर्टल लध्बक्ज :क्ष संग आवश्यक समन्वय गर्ने छ । यस सूचना पोर्टलमा नियमित रुपमा आˆनो नगरपालिका क्षेत्रभित्र रहेका घरपरिवार, संस्था र सार्वजनिक स्थानमा प्रयोगमा रहेका चर्पी/शौचालयको विवरण, खानेपानी सेवाको पहाच, हात धुने स्थलको व्यवस्था, फोहोरमैला व्यवस्थापन लगायतका अन्य सान्दर्भिक विषयहरु समावेश गरी तथ्यांक्त संकलन तथा अद्यावधिक गरी अभिलेखीकरण गर्नु पर्नेछ । यस प्रकारको सूचनाको अभिलेखीकरण गर्दा उक्त विषयसाग सम्बन्धित बानी व्यवहारका पक्षहरु, राम्रा सिकाइ तथा अभ्यासहरु र सफलताका अनुभवहरु समेत समावेश गर्नु पर्नेछ ।

(२) सम्बन्धित वडाहरुले सरसफाइसाग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदन तयार गरी असाढ ३० गते भित्र नगरकार्यपालिकाको सम्बन्धित शाखामा पेश गर्नुपर्ने छ ।

(३) नगरपालिकाले सरसफाईसाग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदन तयार गरी श्रावण ३० गते भित्र जिल्ला समन्वय समितिको सचिवालयमा पेश गर्नुपर्ने छ ।

**१३. साझेदारी कार्यक्रम संचालन गरिने :** (१) नगरपालिकाबाट खुल्ला दिसा मुक्त अभियानको दिगोपन तथा पूर्ण सरसफाइ अवस्था प्राप्तीका लागि निम्न बिषयहरुमा सामुदायिक संस्था, निजी कम्पनी वा अन्य गैह्र नाफामुलक संस्था संग सहकार्य गर्न सक्नेछः

(क) सामुदायिक वा सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन

(ख) सार्वजनिक शौचालय निर्माण, संचालन तथा व्यवस्थापन

(ग) फोहर पानी प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन

(घ) सेप्टिक ट्यांक सफाइ सेवा

(ङ) मानब मलमुत्र ढुवानी तथा प्रशोधन

(च) अन्य उपयुक्त कार्य

(२) साझेदारी कार्यक्रम सञ्चालनका लागि निजी साझेदार ( एचष्खबतभ एबचतलभच) छनौट तथा व्यवस्थापन गर्ने कार्य स्थानीय ऐन नियम बमोजिम गरिनेछ ।

**१४. बजेट व्यवस्था गर्नु पर्ने :** नगरपालिकाबाट खुल्ला दिसा मुक्त अभियानको दिगोपनका लागि पूर्ण सरसफाइ अवस्था प्राप्तीका लागि समुदायमा सचेतना कार्यक्रम सञ्चालन, योजना तर्जुमा, तथ्यात्क संकलन, खानेपानी तथा सरसफाइ सेवाको निरन्तता तथा नियमित मर्मत सुधार लगायतका कार्यहरुमा सहयोग गर्नका लागि बजेट बिनियोजन गर्नु पर्नेछ ।

**१५. उत्कृष्ठ वडालाई पुरस्कृत गरिने :** खुल्ला दिसा मुक्त अभियानको दिगोपनका लागि पूर्ण सरसफाई सम्बन्धी उत्कृष्ट कार्य गर्ने वडालाई नगरपालिकाले पुरस्कृत गर्न सक्नेछ ।

## अनुसूची- १

(दफा १० को खण्ड (क) साग सम्बन्धित)

**स्व अनुगमन फाराम**

| बिद्धमान अवस्था | | खुल्ला दिसा मुक्त अवस्था | बिद्धमान अवस्थाबाट पूर्ण सरसफाइ अवस्थामा जानको लागि गर्नुपर्ने |
|---|---|---|---|
| छ | छैन | | |
| | | प्रत्येक घरमा शौचालय छ वा शौचालयको पहुँच छ ? | |
| | | निर्माण भएका सबै शौचालयहरु प्रयोगमा आएका छन ? | |
| | | सबै मानिसहरुले शौचालयको प्रयोग गर्छन ? कसैले पनि खुल्ला शौच गरेका छैनन् ? | |
| | | साना बालबालिकाहरुको शौच पनि शौचालयमा फाल्ने गरेको छ ? | |
| | | शौचालयबाट फोहोर पानी बाहिर निस्केको छ छैन ? | |
| | | शौचालयमा सेप्टिक ट्याङ्क बनेको छ छैन ? | |
| | | शौचालयमा हात धुने स्थान छ छैन ? | |
| | | हात धुने ठाउँमा साबुन पानीको उपलब्धता छ छैन ? | |
| | | खाना खानु अगाडि हात धुने गरेको छ छैन ? | |
| | | शौचालय प्रयोग पश्चात हात धुने गरेको छ छैन ? | |





| | | | |
|---|---|---|---|
| | | घर वा गाउँ परिसरमा खुल्ला दिसा देखिएको छ छैन ? | |
| | | विद्यालयमा बालबालिकाका लागि छुट्टा छुट्टै चालु अवस्थाको शौचालय छ छैन ? | |
| | | चालु अवस्थाको सामुदायिक तथा सार्वजनिक शौचालय छ छैन ? | |
| | | सुरक्षित पानीको उपलब्धता छ छैन ? | |
| | | सुरक्षित पानी प्रयाप्त मात्रामा उपलब्ध छ छैन ? | |
| | | पानीको श्रोत परिसर सफा छ छैन ? | |
| | | शौचालयबाट निष्काशन हुने मानव मलमुत्रको विसर्जनको व्यवस्था छ छैन ? छ भने के छ उल्लेख गर्नुहोस । | |
| | | प्रत्येक घरबाट फोहोर मैला संकलन गर्ने गरिएको छ छैन ? | |

## अनुसूची-२


(दफा १० को खण्ड (ख) साग सम्बन्धित)

**अनुगमन फाराम**

| | नराम्रो | सन्तोषजनक | राम्रो | सुधार गर्नु पर्ने विषय | अन्य |
|---|---|---|---|---|---|
| व्यक्तिगत स्वच्छता | | | | | |
| घरायसी स्वच्छता | | | | | |
| घरायसी शौचालय | | | | | |
| सार्वजनिक शौचालय स्वच्छता | | | | | |
| सुरक्षित खानेपानी | | | | | |
| खानेपानीको श्रोत संरक्षण | | | | | |
| वातावरणीय स्वच्छता | | | | | |

खण्ड ६ (संख्या १२) फाल्गुन ४ गते २०८०

| | | | | | |
|---|---|---|---|---|---|
| समुदाय स्वच्छता | | | | | |
| संस्थागत वा व्यवसायिक स्वच्छता | | | | | |
| ठोस फोहर व्यवस्थापन | | | | | |
| अस्पतालजन्य फोहर व्यवस्थापन | | | | | |
| औद्योगिक कल कारखानाबाट निष्काशित हुने फोहर व्यवस्थापन | | | | | |
| मलमुत्र तथा फोहर पानी व्यवस्थापन | | | | | |
| नदिनाला तथा ताल तलैया | | | | | |
| | | | | | |



**आज्ञाले**

**भक्त बहादुर मल्ल**

**प्रमुख प्रशासकीय अधिकृत**